नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
धर्मपथ, काठमाडौं

# प्रेस विज्ञप्ती

## नेपाल बैंक र FOCUSONE payment solutions Pvt. Ltd. बीच भुक्तानी सेवा सम्झौता

नेपाल बैंक लिमिटेडले FOCUSONE payment solutions Pvt. Ltd._बीच VISA कार्ड मार्फत हुने डिजिटल भुक्तानी सेवा सम्बन्धी सम्झौता भएको छ। उक्त सम्झौता पत्रमा बैंकको तर्फबाट बरिष्ठ प्रवन्धक श्री संजीव जोशी र FOCUSONE payment solutions Pvt. Ltd. को तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री प्रणय राजभण्डारीले हस्ताक्षर गर्नुभएको छ।

यो सम्झौता अनुसार नेपाल बैंकका ग्राहकहरुले आफ्नो भिसा डेबिट तथा क्रेडिट कार्ड Moco Digital Wallet मा Add गरी बिभिन्न सेवाहरु जस्तै मोवाईल टप अप, इन्टरनेट, बिजुली, खानेपानी, हवाईजहाजको टिकट भुक्तानी लगायतका सेवाहरु प्रयोग गर्न सक्नेछन। साथै बैंकका ग्राहकहरुले Moco Digital Wallet मार्फत Scan to Pay गरी रु. ६,०००।- भन्दा बढी भुक्तानी समेत गर्न सक्नेछन्। हाल Moco Digital Wallet मा १९ वटा बैंक तथा वित्तीय संस्थाको भिसा डेबिट तथा क्रेडिट कार्ड Add गरी विभिन्न भुक्तानी गर्न सकिनेछ। भिसा कार्ड प्रयोग गरी विल भुक्तानी गर्ने यो नेपालकै पहिलो र एकमात्र भुक्तानी सेवा प्रदायक कम्पनी हो। विशेष गरी क्रेडिट कार्डबाट बिजुली, खानेपानी, हवाई टिकट तथा इन्टरनेटको विल भुक्तानी गर्न मिल्ने भएकोले यसको प्रयोग बढ्दो छ। Moco Digital Wallet गुगल प्ले स्टोर र एप स्टोरमा उपलब्ध छ।

नेपालभर २२८ शाखाहरु, २०३ ए.टि.एम. साथै ५४ एक्सटेन्सन काउन्टर मार्फत करिब २३ लाख ग्राहकहरुलाई वित्तीय सेवा पुऱ्याइरहेको यो बैंक हाल ग्राहक सेवामा व्यापक सुधार गरी आधुनिक बैंकिङ्ग प्रविधि मार्फत सेवा प्रवाह गरि प्रतिस्पर्धी रुपमा अगाडी बढिरहेको छ।

२०८०/०२/१७ गते बुधबार

भवदीय,

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
प्रमुख कार्यकारी अधिकृतको कार्यालय

(प्रकाश कुमार अधिकारी)
प्रमुख सूचना अधिकारी